स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



साउथ सुपरस्टार अल्लू अर्जुन अभिनीत फिल्म 'पुष्पा २'ले भारतीय बक्स अफिसमा सुनामी ल्याएको छ। एडभान्स बुकिङ नै आक्रामक देखिएको फिल्मलाई 'रेकर्ड ब्रेक' ओपनिङ मिलेको छ। भारतमा सबैभन्दा ठूलो ओपनिङ पाएको 'आरआरआर' (१३३ करोड) र हिन्दीमा कीर्तिमानी ओपनिङ गरेको 'जवान' (६५ करोड ५० लाख) दुवैको रेकर्ड फिल्मले तोडेको छ।'पुष्पा २'ले पहिलो दिन भारतमा १७५ करोड कमाई गरेको इन्डिया एक्सप्रेसले जनाएको छ।

**आजको विचार...**



सुन्तलाको...

*(दुई पेजमा)*

राम कार्की



दशैं-तिहारपछि फिल्म रिलिजका लागि नेपाली नयाँ वर्ष पनि उपयुक्त समय मानिन्छ। विदा नभए पनि नयाँ वर्षमा हलमा दर्शकीय आकर्षण अक्सर राम्रो देखिन्छ। यसैले वर्षेनि नयाँ वर्षमा फिल्म रिलिजको ठूलै चाप हुने गर्छ। आगामी नयाँ वर्ष (२०८२)मा पनि 'हेभिवेट' भिडन्तको सम्भावना देखिएको छ। सम्भवतः त्रिपक्षीय भिडन्त हुनसक्छ। त्यो पनि मल्टीस्टारर फिल्मबीच। ती फिल्म हुन्, 'नरसिंहा अवतार', 'बलिदान' र 'कर्मा'।'नरसिंहा अवतार' अभिनेता राजेश हमालको कमब्याक फिल्म हो।

❑ वर्ष ३० ❑ अंक १३४ ❑ २०८१ मंसिर २२ गते शनिबार 7 December 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सँक्षिप्त समाचार

### हिमालमा बेपत्ता भएका ३ आरोहीको मृत्यु

(रासस/एएफपी)

**वेलिङ्टन,** मंसिर २१/न्युजिल्यान्डको सबैभन्दा अग्लो हिमाल माउन्ट कुक आरोहणका क्रममा बेपत्ता भएका तीन आरोहीको मृत्यु भएको प्रहरीले शुक्रबार जनाएको छ । मृत्यु हुनेमा ५६ वर्षीय अमेरिकी कर्ट ब्लेयर र ५० वर्षीय कार्लोस रोमेरोसहित एक क्यानेडियन आरोही (परिवारको इच्छाअनुसार नाम गोप्य राखिएको) रहेका बताइएको छ । दक्षिण टापुको तीन हजार ७०० मिटर अग्लो माउन्ट कुकको आरोहणबाट फर्कन नसकेपछि तीनै जना पाँच दिनअघि बेपत्ता भएका थिए । स्थानीय प्रहरी निरीक्षक विकी वाकरले भने, 'शुक्रबार उनीहरू हराएको पाँचौं दिन पुगेको छ । उनीहरू बाँचेको हुनसक्ने कुनै आधार छैन ।' खतरनाक मौसमका कारण तीन दिनसम्म खोजी कार्य रोकिएको थियो, तर शुक्रबारको अवस्थाले अल्पाइन इलाकामा खोजीका लागि हेलिकप्टर र ड्रोन तैनाथ गर्न सहज भएको छ । खोजी टोलीले यसअघि उनीहरूको भनिएको एक थान ज्याकेट, हिँउमा बाटो बनाउन प्रयोग गरिने हतियार (हाते बन्चरो) लगायतका सामग्री भेटिएको जनाएको छ । शुक्रबारको ड्रोन फुटेजमा पनि पदचिह्न नहरू पछ्याइएको र उनीहरू तीनै जनाले जुरब्रिगेन पहाडको चुचुरो काटेको सङ्केतहरू पाइएका छन् । वाकरले भने, 'पर्वतारोहीहरू कति दिनदेखि हराइरहेका छन्, उनीहरूसँग कुनै सञ्चार छैन, हामीले प्राप्त गरेका सामानहरू र आज हाम्रो टोलीको समीक्षापछि, ती व्यक्तिहरू बाँचेका हुनसक्ने कुनै आधार भेटिएन ।' वाकरले तीनै आरोहीका परिवारसँग सम्पर्क गरिएको बताउँदै र नयाँ सूचना वा विश्वसनीय दृश्य देखिएमा प्रहरीले पुन: खोजी कार्य सुरु गर्ने बताए ।

## रुरु क्षेत्र गाउँ सरकार

# वडामै पुगेर सेवा प्रवाह, नागरिक उत्साहित

जगदीश भट्टराई

**गुल्मी (रिडी),** मंसिर २१/जिल्लाको रुरु क्षेत्र गाउँपालिकाकाले बृहत एकिकृत घुम्ती शिविर सञ्चालन गरेर वडा-वडाबाट पालिकाको सेवा प्रदान गरेको छ । भौगोलिक विकटताको कारण स्थानीयले भोगेका समस्यालाई ध्यानमा राख्दै गाउँपालिकाले शिविर सञ्चालन गरेर सेवा प्रदान गरेको हो ।

घरदैलोमा स्थानीय सरकार भन्ने मान्यतालाई आत्मसात गर्दै ६ वटै वडामा शिविर सञ्चालन गरेर सेवा प्रदान गरिएको गाउँपालिकाले जनाएको छ । उसले कार्यालयको कामकाजलाई व्यवस्थित गर्दै वडा-वडामा पुगेर घुम्ती सेवामार्फत नागरिकलाई सेवा प्रवाहसँगै उनीहरुका जनगुनासाहरुलाई समेत सोही ठाउँबाट समाधान गर्ने प्रयास गरेको छ । पालिकाबाट हुने सेवाहरु लिन केन्द्रमा पुग्न नागरिकलाई झन्झटिलो हुनुको साथै समय र खर्चिलो हुने हुँदा वडामै पुगेर सबै सेवाहरु एकै ठाउँबाट प्रवाह गरिएको गाउँपालिकाका अध्यक्ष यदुज्ञवालीले बताए ।

गाउँपालिकाले मंसिर १६ देखि २१ गते सम्म एकिकृत घुम्ति शिविरमार्फत नागरिकलाई सेवा दिएको हो । शिविरमा गाउँपालिकाका जनप्रतिनिधी र विभिन्न शाखाका कर्मचारीहरुले सेवाग्राहीहरुलाई सेवा प्रवाह गरेका हुन् । देशमा संघीयता कार्यान्वयनमा आएसँगै सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने मूल



नारालाई सार्थकता दिनका लागि पनि शिविरले महत्वपूर्ण भूमिका खेल्ने अध्यक्ष ज्ञवालीले विश्वास व्यक्त गरे । उनले भने-'सामान्य स्वस्थ्य जाँचका लागि पनि धेरै टाढा जानु पर्ने र अन्य सेवाका लागि पालिकाको कार्यालय नै जानु पर्छ, त्यही बाध्यतालाई बुझेर जनताको स्वस्थ्य र सेवा सहजताका लागि शिविर सञ्चालन गरेका हौं ।' जसरी भोट मागने बेलामा घर दैलो गरेका थियौ, त्यसै गरी सेवा प्रवाहमा पनि जनताका हरेक समस्याहरुको पहिचान गरेर समस्या समाधानमा लागेको अध्यक्ष ज्ञवालीको भनाई छ । एक सातासम्म सञ्चालन भएको शिविर शुक्रबार सकिएको छ । जहाँ एक हजार पाँच सय सेवाग्राहीले सेवा लिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण पाण्डेले बताए । शिविरबाट गाउँपालिकाले योजना सम्झौता, जेष्ठ नागरिक परिचयपत्र वितरण, माटो परीक्षण, व्यवसाय नविकरण, आयोजना सम्बन्धित अभिमुखिकरण, अपाङ्गता परिचय पत्र वितरण, व्यवसाय दर्ता, औषधी वितरण, आयुर्वेद सेवा, डाक्टर सहितको टोलीबाट स्वास्थ्य परीक्षणसँगै स्वास्थ्य परामर्श लगायतका सेवा प्रदान गरेको हो । पालिकाले वडा तहमै पुगेर सेवा प्रवाह गर्न थालेपछि नागरिकहरु पनि खुसी भएका छन् । यसरी वडाबाट नै सेवा पाउँदा अत्यन्तै खुसी लागेको सेवा लिन पुगेकी जेष्ठ नागरिक कमला थापाले बताईन् ।

शारीरिक रुपमा अशक्त रहेकी उनलाई घरमै पुगेर पालिकाका कर्मचारीको टोलीले जेष्ठ नागरिक परिचयपत्र दिएपछि उत्साहित भइन् । उनले परिचय पत्र लिनका लागि समेत पालिका जान नसकेको अवस्थामा स्थानीय सरकार आफै आएर दिएकोमा खुसी व्यक्त गरिन् । उनी जस्ता धेरैले गाउँबाटै सेवा पाएपछि उत्साहित भएका छन् । गाउँपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवा लिन गाउँपालिकाको केन्द्रमा नै आउनुपर्ने बाध्यताको अन्त्य गर्न तथा नागरिकलाई सेवा प्रदानमा सहज बनाउन शिविर अभियान सञ्चालन गरी सेवा प्रवाह गरिएको प्रमुख प्रशासकिय अधिकृत पाण्डेले बताए । उनले भने 'गाउँपालिकामा आएर सेवा लिँदा सेवाग्राहीको समय र पैसा धेरै खर्च हुन्छ, त्यसलाई केही हदसम्म कम गर्न शिविर चलाएका हौं ।' उनले आगामी दिनमा गाउँ टोलम पुगेर सेवा दिने समेत बताए ।

## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्गदी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

# आज अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाइँदै

**पाल्पा,** मंसिर २१/आज अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस, नेपालमा पनि मनाइँदै । अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण (आइकाओ) ले हरेक वर्ष डिसेम्बर ७ का दिन यो दिवस मनाउँदै आएको छ । नागरिक उड्डयन सुरक्षा र व्यवस्थापनका विषय उठान गर्दै यो दिवस मनाउने गरिन्छ ।

आइकाओले शिकागो कन्भेन्सन लागू भएपछि सन् १९९४ देखि नै ले यो दिवस मनाउँदै आएको हो । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९६ मा डिसेम्बर ७ लाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवसको मान्यता दिएको थियो । नेपालमा सन् १९५७ मा नागरिक उड्डयन प्राधिकरण स्थापना भएको हो । उड्डयनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्था लगायत व्यवस्थित अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र अनि विमानस्थलको




सुरक्षा नै यसको मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, गुणस्तरको कमी, अन्तर्राष्ट्रिय समुदायले अपनाउँदै गरेको प्रविधि अपनाउन नसक्नु अनि मानवीय त्रुटिका कारणले नेपाली आकाशमा विमान दुर्घटनाका निरन्तर समाचार आइरहन्छन् । कतिपय दुर्घटनाका कारणहरू नियन्त्रण बाहिर हुन्छ भने उड्डयनका आधार तथा नियमहरूलाई आत्मसाथ गर्न सके धेरै दुर्घटनाहरू कमी हुन सक्छ ।

वास्तवमा भन्ने हो भने हवाई उड्डयनले संसारलाई एकसुत्रमा बाँधिदिएको छ । एउटा कुनाबाट अर्को कुना खासै पर छैन र त्यससँगै यसका चुनौतीहरू पनि आएका छन् । सन् २०१४ मा मलेसियाको क्वालालम्पूर विमानस्थलबाट चीनतर्फ उडेको मलेसियन एयरलाइन्सको जहाज अझै भेटिन सकेको छैन । धेरै यात्रुवाहक विमानहरू युद्धको आवेशमा भएका प्रहारले खसालिएका छन् अनि कैयन विमानहरू अनि तिनका अवशेषहरू अझै फेला पर्न सकेका छैनन् । नेपालमा भएका पछिल्ला केही ठूला विमान दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएर गएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## नागरिक उड्डयन दिवसको सन्दर्भ

**अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाईंदै छ । शिकागो कन्भेन्सन लागु भएपछि सन् १९९४ देखि नै अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण (आइकाओ)ले यो दिवस मनाउँदै आएको हो । संयुक्त राष्ट्रसंघको महासभाले १९९६ मा डिसेम्बर ७ लाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवसको मान्यता दिएको थियो । आइकाओमा नेपालसहित १ सय ९२ राष्ट्र सदस्य छन् । विशेष गरी नागरिक उड्डयन प्राधिकरणले यो दिवसलाई विशेष महत्वका साथ लिने गर्दछ । उड्डयनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्था लगायत व्यवस्थित अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र र विमानस्थलको सुरक्षा नै यसको मुख्य उद्देश्य हो । तर नेपालमा हवाइ सेवालाई सुरक्षित र भरपर्दो बनाउन सकिएको छैन् । यातायातका दृष्टिले हवाई उडानलाई सुरक्षित मानिए पनि बर्सेनि विमान दुर्घटनाको क्रम नरोकिनुले नेपाली आकाश असुरक्षित रहेको हो कि भन्ने आशंका उत्पन्न हुने गरेको छ ।**

**विश्वमा सर्वाधिक विमान दुर्घटना हुने देशमध्ये नेपाल पनि एक हो । स्थानीय मौसमको अवस्था पूर्वानुमान गर्ने परिपाटीको अभाव, छोटा रनवे र न्याभिगेशनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेको हो । त्यति मात्र होइन कमजोर नियमन, व्यापारिक दवाब, चालक दलका सदस्यहरूले निर्धारण गरिएको नियमको पालना नगर्दा पनि दुर्घटना दोहोरिने गरेका छन् । घटनाहरु दोहोरिन नदिनका लागि उड्डयन तथा हवाइ सुरक्षालाई सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो । यसका लागि स्तरीय हवाइ सेवाका लागि चाहिने भौतिक पूर्वाधार, विमानस्थलहरुको स्तरोन्नति, हवाई नियम र अन्तर्राष्ट्रिय मापदण्डको पालना गरिनुपर्छ ।**

**नेपालमा भएका पटक पटकका ठूला विमान दुर्घटनाले नेपालीहरुमा ठूलो चोट दिएको छ । हवाई सुरक्षा एउटा अत्यन्तै संवेदनशील विषय हो र यसलाई प्राथमिकतामा राख्न जरुरी छ । अझै पनि नेपाली आकाशमा सिङ्गल इन्जिन सहितका जहाजहरू यात्रुसहित उडाइँदै छन् यसलाई विडम्बना नै मान्नुपर्छ । कम्तीमा उड्डयनका सन्दर्भमा भवितव्य बाहेकका क्षेत्रमा सतर्कता अपनाउने विषयमा सरकारले नीति, नियमलाई तय गरेर नेपाली नागरिक उड्डयनको विश्वासलाई विकास गर्नु अपरिहार्य छ । यसो गर्न सकियो भने मात्र अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्दछ ।**

## Opinion @ Social Network

भरी खल्ती सबै तिर चल्ती खाली खल्ती जे गरेनि गल्ती
अनि कसरी भनौं पैसा नै सबथोक होइन भनेर ।

***(सुदिप कार्कीको फेसबुक स्टाटस** https://www.facebook.com/Sudip.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुन्तलाको व्यवसायिक खेतीले जगायो आशा



शितलपाटी
राम कार्की
karki.ram123@gmail.com

> *सुन्तला खेतीमा संलग्न किसानहरुले उद्यमी, व्यवसायिका रुपमा समाजमा प्रतिष्ठा आर्जन गरेका छन् । यो अत्यन्त प्रशंसनिय र अनुकरणीय कार्य हो । अब राज्यले यस्ता गौरवका किसानहरुको सम्मान गरी राष्ट्रियस्तर मै कदर गर्ने ट्रेण्डलाई बढाउन ढिला गर्नु हुँदैन । अहिलेसम्मको माग, उत्पादन, बजार अवस्था र अनौपचारिक रुपमा भएपनि छिमेकी मुलुकमा निर्यातको स्थिति आदि पक्षलाई मनन् गर्दा सुन्तला खेती परम्परागत खेती प्रणालीबाट व्यवसायिकता खेतीका रुपमा फड्को मार्न थालेको अवस्थामा छ । आगामी दिनमा सुन्तला खेतीलाई पर्या-पर्यटनसँग जोड्न र प्रशोधन गरी विविध पदार्थ तयार गर्ने उद्यम बिकासलाई प्राथमिकतामा राखेर सुन्तलाको व्यवसायिकिकरण गर्नु आवश्यक छ ।*

प्राकृतिक सुन्दरता र जैविक विविधताले भरिपूर्ण भूमि हो नेपाल । यो भूमि सुन्दर मात्र होइन सुन फल्ने माटो भएको ठाउँ पनि हो । पौरखी, मेहनती र अनुशासित लाखौं युवा जनशक्ति छन् । विज्ञानको विकास र विश्वव्यापीकरणको प्रभावसँगै नयाँ प्रविधि पनि भित्रिरहेको छ । यत्तिका वैभवकाबिच हामीले भेटेका छौं, देखेका छौं गाउँ वस्तीका बहुसख्यक मानिस खुसी छैनन्, देश छोडेर विदेश पलायन हुने युवाको लर्को लामो छ । सारंमा अमूल्य पूँजी जनशक्ति र प्रकृतिको धनी नेपालले समृद्धिको यात्रामा गति लिन नसकेको अनुभूति आमनागरिकको छ । यस्तो अवस्था सिर्जना हुनुमा प्रकृतिको वरदान सुन फल्ने माटोलाई समयमै चिन्न, पौरख गर्न, पौरखी युवाहरुको महत्वलाई बुझ्ने र पूर्णरुपमा परिचालन गर्ने सोंच, ईच्छाशक्तिको दोष हो भन्नु अत्युक्ति नहोला ।

आम नेपाली युवा जनशक्तिमा उत्साह, सिर्जनशीलता, आत्मविश्वासमा कमी छैन् उद्यमशीलताको विकासका लागि । यो जनशक्ति आफ्नो पसिना स्वदेशकै माटोमा सिञ्चित गरेर व्यवसाय, उद्यमलाई प्रवर्द्धन गर्ने चाहना, हुटहुटी लिएर दौडिरहेको छ । यस्तो परिस्थितिको लाभ उठाउँदै राज्यले पौरखी युवा जनशक्तिको केही अशं मात्र भएपनि कृषिको व्यवसायिकिकरणमा जोड्ने वातावरण तयार गर्नुपर्ने आवश्यकता छ । यदि राज्यले उर्जाशील युवाहरुको विश्वास जितेर परम्परागत, निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायिक रुपान्तरणको दिशामा लैजान सकेको खण्डमा कम्तिमा कृषिजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर बन्ने र कृषि उपजको निर्यात वृद्धि गरी व्यापार घाटामा केही नियन्त्रण ल्याउन सकिने सम्भावना रहन्छ । अहिले लाखौं बेरोजगार युवाहरु आफ्ना बाबुआमा, श्रीमती, छोराछोरीको पालनपोषण, शिक्षादिक्षा, स्वास्थ्य उपचार जस्ता आधारभूत जिम्मेवारी कसरी पूरा गरेर दैनिक गुजारा गर्ने तथा आफ्ना भविष्य के हुने भन्ने चिन्ताले पिरोलिएका छन् । त्यसैले कतिपय युवाहरु स्वस्फूर्त तर दीर्धकालिन योजना र तयारी बिना नै कृषि कर्ममा जुट्न थालेका छन् । गाउँ-गाउँमा बाँझा जमिन खनखोरस गर्नेदेखि कृषि, पशुपालन सम्बन्धी विविध व्यवसाय, लघु उद्यम आदि कार्य अघि बढाउँदैछन् । तिनीहरुले नगदे वालीका रुपमा चिनिने सुन्तला जातका (कागती, सुन्तला आदि ) विरुवा ठूलो परिमाणमा लगाईरहेका छन् । यसरी जीवनस्तर उठाउने विश्वासको खेती गाउँमा व्यापक रुपमा भईरहेको छ । आजभोली गाउँ वस्तीमा देखिने सुन्तला व्यवसायको कारोवारले ल्याएको आर्थिक क्रियाकलापबाट गाउँका मानिसको जीवनमा आशाको दियो बलेको छ ।

मंसिर महिनाको चढ्दो चिसो मौसमको यो समयमा सूर्यको पारिलो तापको आनन्द लिदै रसिला सुन्तलाको स्वाद लिनुको मज्जा वर्णन गर्न शव्दमा पर्याप्त हुनै सक्दैन । सुन्तलाको व्यवसायिक सफलतासँगै किसानको मुहारमा देखा परेको मुस्कान झनै आनन्ददायक छ । सुन्तलाको कारोवारले गाउँमा व्यापारिक चहलपहल सहित आर्थिक क्रियाकलाप बढाएको छ । सुन्तलाको व्यापारिक रौनकले ग्रामीण क्षेत्रमा रैथाने जातको फलफुल वा वालीको संरक्षण र प्रर्वद्धनसँगै व्यवसायिकिकरण गर्न सकेमा गाउँमै कमाउने र गाउँमै रमाउने वातावरण बन्न सक्ने विश्वास जागेको छ । वास्तवमै यस्तो वातावरण बनाउन सकियो भने गाउँलाई रित्तो हुनबाट जोगाउने सञ्जीवनीबुटी बन्न सक्ने छ कृषिको व्यवसायिकिकरण । पाँच दशक अघिसम्म सीमित कृषकहरुले घर नजिक पाँच, सात वटा सुन्तलाका विरुवा शोखका रुपमा लगाउने, सिजनको फलका रुपमा घरपरिवारले उपभोग गर्ने र ईष्टमित्रलाई कोशेलीपात बाँड्ने हामी नेपालीहरुको परम्परा थियो । फाटफुट किसानले बचेखुचेको थोरै मात्र गाउँका मेला, पर्व तथा व्यापारीलाई विक्रि गरेर नुन तेलको जोहो गर्ने चलन थियो । त्यसैले होला विगतका ती दिनमा किसानहरुले सुन्तलाको व्यवसायिक खेती गर्नेतर्फ खासै चासो राखेको देखिएको थिएन । तर पछिल्ला दिनमा सुन्तला खेतीको लहर नै छ र राज्यले पनि सुन्तलाको व्यवसायिक खेतीलाई प्रवर्द्धन गर्न विविध योजना तथा कार्यक्रम लागू गरी कार्यान्वयन गर्नुका साथै सुन्तलालाई राष्ट्रिय फलको मान्यता दिएर किसानलाई प्रोत्साहित र उत्प्रेरित गरेको छ ।

विगतलाई सम्झना गर्दा सुन्तला खेतीप्रति खास आकर्षण देखिदैन्थ्यो, कुनै आँटिला किसानले सुन्तला खेती गर्न खोज्दा हाँस्य पात्र बन्नु पर्ने अवस्था थियो गाउँघरमा । तर समयले कोल्टो फेरेको छ, आज किसानले सुन्तला खेती गरेर मनग्य आम्दानी गरी सम्मानित जीवन जिउन सक्छ भन्ने उदाहरण हाम्रा सामु छन् । यातायात सुविधाले जोडेको बजारसँगको सहज पहुँच, कृषकको जाँगर, उपभोक्ता माझ सुन्तलाको बढ्दो माग, सुन्तला प्रशोधन, प्रविधिको विकास आदि कारणले सुन्तलाको व्यवसायिक खेतीको वातावरण अनुकूल हुँदै गएको छ । सुन्तला खेतीमा लागेका किसानले ठूला-ठूला बगैचा स्थापना गरी आफू स्वरोजगार बन्नुका साथै कैयौ मानिसहरुलाई रोजगारी दिन सफल भएका छन् । सुन्तला खेतीमा संलग्न किसानहरुले उद्यमी, व्यवसायिका रुपमा समाजमा प्रतिष्ठा आर्जन गरेका छन् । यो अत्यन्त प्रशंसनिय र अनुकरणीय कार्य हो । अब राज्यले यस्ता गौरवका किसानहरुको सम्मान गरी राष्ट्रियस्तर मै कदर गर्ने ट्रेण्डलाई बढाउन ढिला गर्नु हुँदैन । अहिलेसम्मको माग, उत्पादन, बजार अवस्था र अनौपचारिक रुपमा भएपनि छिमेकी मुलुकमा निर्यातको स्थिति आदि पक्षलाई मनन् गर्दा सुन्तला खेती परम्परागत खेती प्रणालीबाट व्यवसायिकता खेतीका रुपमा फड्को मार्न थालेको अवस्थामा छ । आगामी दिनमा सुन्तला खेतीलाई पर्या-पर्यटनसँग जोड्न र प्रशोधन गरी विविध पदार्थ तयार गर्ने उद्यम बिकासलाई प्राथमिकतामा राखेर सुन्तलाको व्यवसायिकिकरण गर्नु आवश्यक छ । सुन्तलाको व्यवसायिक खेतीमा सफलता प्राप्त भएमा मात्र पनि हजारौ जनशक्तिलाई स्वरोजगार, रोजगारीका अवसरको सिर्जना गाउँ गाउँमै गर्न र आय आर्जन वृद्धि गर्न सकिने छ । तथापी यतिखेर व्यवसाय गर्न चाहने कृषकका अघि पूँजी, श्रम, बजार, प्राविधिक पक्ष लगायतका चुनौतिका पहाड विद्यमान छन् । कृषकले व्यवसायिक ढंगवाट खेती गर्ने चाहना राखेपनि सहज रुपमा पूँजी जुटाउन असमर्थ रहनु, पर्याप्त कृषि प्राविधिक गाउँमा उपलब्ध नभएकोले व्यवसाय सञ्चालनको तयारी समेतमा सल्लाह, सहयोग लिन नसक्नु, पहाडका प्राय: क्षेत्रमा सिंचाई सुविधा नहुनु, कृषि मजुदर पाउन कठीन हुनु, समयमै उन्नत विरुवा, मल प्राप्त नहुनु, शित भण्डार अभाव रहेकोले परल मूल्य नपाए पनि विक्री गर्नुपर्ने बाध्यता रहनु, बजार र व्यापारीसँग पहुँच हुन नसकी विचौलियाले बढी लाभ उठाउने प्रवृति मौलाउनु, सरकारी निकायबाट उपलब्ध हुने अनुदान आदिमा निमुखा कृषकहरुको पँहुच नहुनु, तर ठाटाबाठा शक्तिकेन्द्रका निकटका मानिसहरुले लाभ उठाउने प्रवृति हावी रहनु जस्ता समस्या सुन्तलाको व्यवसायिक खेती विकासको मार्गमा व्यवधानका रुपमा रहेका छन् । त्यसकारण सुन्तला खेतीयोग्य जमिनको तथ्यांक संकलन गरी व्यवसायिक ढंगवाट खेती गर्ने दीर्धकालिन सोंच सहितका योजना तर्जमा गरी उन्नत जातका बिरुवाको बन्दोवस्ती, जैविक, प्राङगारिक मलको व्यवस्था, धेरै किसानलाई व्यवसायमा सहभागी गराउन कृषक समूह, फर्म, सहकारीलाई परिचालन, उत्पादनमा आधारित अनुदान र सहुलियतपूर्ण ऋण सुविधा, कृषकका घर-वारीमै कृषि प्राविधिकको पर्याप्तता , हरेक गाउँपालिकामा कम्तिमा एउटा शीतभण्डार, हाट बजारको व्यवस्था, बजार सुनिश्चितता, प्रविधिको प्रयोग, व्राण्डिङ, आदि कार्य गरेर सुन्तला खेतीलाई व्यवसायिक बनाउन मार्ग प्रशस्त गर्न सकिन्छ । व्यवसायिक सुन्तला खेतीले गाउँका बाँझा जमिनलाई सुनखानीमा रुपान्तरण गरेर नागरिकहरुको जीवनस्तर उकास्ने तथा समृद्धिका लागि आधारशीला तयार गर्न टेवा पुऱ्याउने छ । तसर्थ तीनै तहका सरकारले आफ्नो नीति तथा कार्यक्रमको प्राथमिकतामा सुन्तलाको व्यवसायिक खेती प्रणालीलाई राख्दै समन्वयात्मक ढंगबाट कार्य गर्नुपर्ने देखिएको छ । अन्त्यमा, रैनादेवी छहरा र रिव्दीकोट गाउँपालिकाले संयुक्त रुपमा रैनादेवी छहरा गा.पा.५ मुझङ्ग, कटौजेपानी खेलमैदानमा आयोजना गर्न गईरहेको दोस्रो सुन्तला महोत्सव सुन्तला खेतीमा जोडिनु भएका कृषकहरुका निम्ति आफ्नो उत्पादन प्रदर्शन गर्ने, बजारमा पहुँच स्थापित गर्ने, प्रविधिसँग जोडिने, खेती,यवसायमा देखापरेका समस्याका बारेमा विज्ञ, प्राविधिकसँग अन्तर्क्रिया गर्ने सुनौलो अवसरका रुपमा सदुपयोग गर्न शभेच्छा प्रकट गर्दै सुन्तला खेतीको व्यवसायिकिकरणका लागि महोत्सव कोशेढुँगा सावित होस् सम्पूर्ण किसानहरुलाई शुभकामना ! जय किसान ! ***(लेखक राष्ट्रिय अनुसन्धान विभागका पूर्व डिआइजी समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शान्ति छाउँनेछ । वैवाहिक जीनव सुख रहनेछ । | **तुला** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **वृष** : जीवन साथीको प्रगतिले मन प्रसन्न रहनेछ । धार्मिक यात्रा हुन सक्ला । | **वृश्चिक** : मित्रबाट विशेष सहयोग मिल्ने छ । कारोवारमा सफलता पाईएला । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** : मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ । | **मकर** : विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । काममा राम्रै फड्कोमार्न सकिनेछ । | **कुम्भ** : विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ । |
| **कन्या** : दवाब र तनाव बढेको महसुस हुनेछ । परीवारमा खिन्नता बढ्नेछ । | **मीन** : मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |

# साहित्य दर्पण

छोटो कथा — केदार आचार्य

## नाच्ने निम्तो



लक्ष्मीपूजाको दिन भएकाले सुत्न ढिला नै भएको थियो । सुत्न खोज्दाखोज्दै भैली टोली आयो । भैलो टोली देख्ने बित्तिकै म तीनछक परें । गाउँबाट बिहे गरेर गएका चेलीबेटीहरू नै भेला भएर यो भैलो टोली बनेको रहेछ । सावित्री दिदी भट्याउनेमा हुनुहुँदो रहेछ । सीता दिदी मादल बजाउँदै थिइन् । रमा गीत गाउन पहिलादेखि नै माहिर थिइन्, यहाँ पनि त्यही जिम्मेवारीमा रहिछन् । उनको भाकामा सरला, कविता, निर्मला र नम्रताले साथ दिइरहेका थिए । भैली टोलीमा शर्मिला, रमा, विमला र कमला पनि रहेछन् । र, त्यही टोलीमा रहिछन् रमिला पनि !

*हामी यताउताका कुरा गरेर समय बिताउँथ्यौं । म मेरो सपनाको लागि समय र अवसर छ भन्नेमा ढुक्क थिएँ । दशैंपछि रमिला पढ्नका लागि मामाघर गइन् । केटी मान्छेलाई जताततै बस्न पनि त गाह्रो । म पनि बी. ए. पढ्ने तारतम्य मिलाउन काठमाडौंतिर लागें । एकदिन त्यस्तै थकित भएर कोठामा फर्किरहेको बेला मैतीदेवीमा भेट भएका हरि दाइले भने, "तिमीलाई थाहा छ कि छैन । भन्न मन त थिएन । तर नभनी पनि मन मानेन । अस्ति १५ गतेको साइतमा मामली घरबाटै रमिलाको बिहे भयो ।" हरिलाई पनि हाम्रो चक्कर थाहा रहेछ । म हक्क न बक्क भएँ । रमिलालाई आफ्नी बेहुली बनाउने त कुरै छोडौं उनी बेहुली भएको हेर्ने पनि मेरो भाग्यमा रहेनछ । मैले उनलाई दिएको जवाफ त बिर्सें तर त्यो साँझ केही नखाई सुतेको चाहिं मलाई सम्झना छ । मनमा चलेको सिनेमा हेरुन्जेलमा भट्याउने कार्यक्रम सकिएको थियो र नाचगान चलिरहेको थियो । तिम्रो बिहेमा पनि हामी यसैगरी भेला हुन्छौं भनेर मलाई जिस्क्याइरहेका पनि थिए ।*


रमिलाले मलाई तानेर अतीततिर पुऱ्याइन् । म आई. ए. को परीक्षा दिएर घरमा बसिरहेको समयमा रमिला पनि एस. एल. सी. सकेर फुर्सदमा थिइन् । उनको छिमेकी राजु मेरो साथी थियो र राजुलाई भेट्न जाँदा मेरो उनीसँग पनि भेट भइरहन्थ्यो । अलि पछि त राजुको घर जाने कुरा बहाना मात्र हुन पुग्यो । म रमिलालाई नै भेट्न जान थालें । मैले उनको दैनिकी जानिसकेको थिए र उनीसँग भेट्न अनुकूल हुने समयमा म त्यहाँ पुगिरहन्थें । मैले पढ्नु थियो, जागिर खानु थियो, बाउआमाको भाकामा 'ठुलो मान्छे' बन्नु थियो । मेरो अगाडि अनेक कार्यभार थिए । उनी पनि त आइ. ए. पढ्न चाहन्थिन् (कम्तीमा मलाई त त्यही भनेकी थिइन्) । मेरो मनमा उनी मेरी भएको कल्पना नभएको भने होइन तर ती किशोरीमाथि प्रेम प्रदर्शन गर्नु शोभनीय थिएन । हामी यताउताका कुरा गरेर समय बिताउँथ्यौं । म मेरो सपनाको लागि समय र अवसर छ भन्नेमा ढुक्क थिएँ । दशैंपछि रमिला पढ्नका लागि मामाघर गइन् । केटी मान्छेलाई जताततै बस्न पनि त गाह्रो । म पनि बी. ए. पढ्ने तारतम्य मिलाउन काठमाडौंतिर लागें । एकदिन त्यस्तै थकित भएर कोठामा फर्किरहेको बेला मैतीदेवीमा भेट भएका हरि दाइले भने, "तिमीलाई थाहा छ कि छैन । भन्न मन त थिएन । तर नभनी पनि मन मानेन । अस्ति १५ गतेको साइतमा मामली घरबाटै रमिलाको बिहे भयो ।" हरिलाई पनि हाम्रो चक्कर थाहा रहेछ । म हक्क न बक्क भएँ । रमिलालाई आफ्नी बेहुली बनाउने त कुरै छोडौं उनी बेहुली भएको हेर्ने पनि मेरो भाग्यमा रहेनछ । मैले उनलाई दिएको जवाफ त बिर्सें तर त्यो साँझ केही नखाई सुतेको चाहिं मलाई सम्झना छ । मनमा चलेको सिनेमा हेरुन्जेलमा भट्याउने कार्यक्रम सकिएको थियो र नाचगान चलिरहेको थियो । तिम्रो बिहेमा पनि हामी यसैगरी भेला हुन्छौं भनेर मलाई जिस्क्याइरहेका पनि थिए । अधिकांश त मेरा दौंतरी नै थिए नि । नाच्ने समूहमा रमिला पनि रहिछन् । एस. एल. सी. पछि बिहे भएकी रमिला अहिले लोभलाग्दी युवती भइसकिछन् । बिहेपछि गहनामा सजिएकी उनी थप राम्री भएकी थिइन् । आँखा उस्तै थिए निश्छल, कोमल र प्रेमिल । अरू भैलिनीहरूले ठूलो घेरा बनाएका थिए र बीचमा रमिलासहित तीनचार जना नाचिरहेका थिए । नाच्दै दलानको डिलमा आएर रमिलाले 'आउनु तपाईं पनि नाच्न' भनेर मलाई तानेर लगिन् । म बालक भैं उनको पछि गएँ र नाच्न थालें । थप्पडीको आवाज बढिरहेको थियो । म कठपुतली भैं नाचिरहेको थिएँ । विधिको विडम्बना, भाग्यमा सात फन्का नाच्नु रहेछ, सात फेरा घुम्ने सपना देख्न पुगेछु ।


भैलिनीहरू हाम्रो घरबाट फर्के । रमिला पनि पछि लागिन् । घरको तगारो कट्ने बेला उनले मलाई फर्केर हेरिन् । मैले उनलाई नै हेरिरहेको देखेर उनी सकपकाइन् । मतिर सोझिएका आँखा समेट्न उनलाई केही बेर लाग्यो नै । ती आँखाले बितेका वर्षहरूका घटनाक्रम समेटिएको महापुराण वाचन गरिरहेको थियो । तर त्यो महापुराणबाट न उनको आत्माको मुक्ति हुनसक्थ्यो न मेरो । समय धेरै अगाडि बढिसकेको थियो । र, समयले निको पाऱ्यो भनेर ढुक्क भएको घाउ चहऱ्याइरहेको थियो ।

*-साहित्यपोस्ट डटकम*

पुस्तक — वसत्य परियार

# मनलाई जिते जित : आचार्य महाप्रज्ञले मनलाई देखाएको बाटो




केही दिनअघि समीक्षार्थ एउटा पुस्तक हात पऱ्यो ।
**पुस्तकको नाम :** मनलाई जिते जित, **लेखक :** आचार्य महाप्रज्ञ, सम्पादक : हुलासचन्द गोल्छा । पुस्तकका पाना पल्टाउँदै जाँदा थाहा भयो, अनुवादक रहेछन्, नारद ओझा । अध्यात्ममा धेरथोर रुचि राख्ने भएकाले आचार्य महाप्रज्ञको नाम सुनेकै थिएँ, तर उनका कृति वा विचारहरू पढ्ने-सुन्ने अवसर जुरेको थिएन । चञ्चल मनकै कारण जीवन-व्यवहार वा दैनिकी, अध्ययन-मनन र चिन्तन व्यवस्थित नभएको मजस्तो बबुरोले 'मनलाई जिते जित' नामक पुस्तकको समीक्षा गर्छु भन्नु ठुलो ठट्टा हुन्छ, पुस्तक 'पढेभैं' गरेर प्रभाव लेख्ने एउटा कुरा हो । प्रभाव पनि कुन स्तरको हुने हो, यसै भन्न सकिँदैन । मेरो आजसम्मको अनुभवले भन्छ– संसारमा सबैभन्दा ठुलो ज्ञानको र अध्ययनको विषय हो, मनोविज्ञान ।

मानिसले आजसम्म जीवन-जगत्, सामाजिक, सांस्कृतिक, आर्थिक, आध्यात्मिक, विज्ञान तथा आविष्कार लगायत क्षेत्रमा जति प्रगति गरेको छह जे जति सिद्धान्त वा अवधारणा बनाएको छह ती सबैले मनोविज्ञानसँग कुनै न कुनै रूपले सम्बन्ध राख्छन् । मनले विश्वास नगरेको, मनले संकेत नपाएको वा मनको संकेत नबुझेको र मन दृढ नभएको भए मानिसले कुनै आविष्कार गर्न, कुनै पनि क्षेत्रमा इतिहास रच्न र कुनै विषयमा चिन्तन-मनन गरेर निष्कर्षमा पुग्न सक्ने थिएन । भनिन्छ– मुखले खानुभन्दा अगाडि मनले खान्छ, शरीरले भोग्नुभन्दा अगाडि मनले भोग्छ, वास्तविक हारजित हुनुभन्दा अगाडि मनले हार्छ वा जित्छ । 'मनलाई जिते जित' पुस्तक हिन्दी (मन के जीते जीत)को अनुवाद हो । यस पुस्तकका लेखक आचार्य महाप्रज्ञ (सन् १९२०-१९१०)लाई घरले दिएको नाम नथमल हो, दीक्षापछि उनी मुनि नथमल भए । पछि धर्म र दर्शनमा विशिष्ट विद्वान् कहलिएपछि उनलाई आचार्य तुलसी (जैन सन्त)ले 'महाप्रज्ञ' उपाधि दिएका हुन् । आचार्य महाप्रज्ञको पुस्तक 'जैन योग'मा गणाधिपति तुलसीको आशीर्वचन छ, जसमा आचार्य तुलसीले मुनि नथमल (अब आचार्य महाप्रज्ञ) भनी सम्बोधन गरेका छन् ।

जैन धर्मको श्वेताम्बर तेरापन्थका दसौं सन्त आचार्य महाप्रज्ञले साधना शिविरहरूमा दिएका प्रवचनहरूको सँगालो हो, 'मनलाई जिते जित' पुस्तक । साधारण शब्दमा भन्ने हो भने यस पुस्तकले मनको विज्ञानका आयाम वा मनको शक्ति र गतिलाई व्याख्या गरेको छ । यस पुस्तकले आफैंलाई नियाल्न र चिन्न मार्गदर्शन गर्छह मन र शरीरलाई निखार्ने तरिका सिकाउँछ । विशेषत: यसमा अध्यात्म र ध्यानबारे विशेष चर्चा गरिएको छ । यस पुस्तक भन्छ, मानिस तीन प्रकारका छन्– सुप्त (सुतेको), जागृत (जागा) र सुप्तजागृत (सुतेर पनि जागेको) । मुनि यस्तो हुनुपर्छ, ऊ सुतेर पनि जागै रहोस् अर्थात् ऊ निदाइरहेको छ तर जागिरहेको अनुभव गर्छ वा बोधमा हुन्छ । ध्यान होस् वा शरीर र मनसँग सम्बन्धित कुनै पनि साधना होस, जो विधिपूर्वक गरिन्छन्, तिनले केही न केही अनुभव गराउँछन् नै । आफैंले अनुभव नगर्दासम्म 'निदाएर पनि जागृत अवस्थामा रहनु'जस्ता वाक्य मिथ्या लाग्छन् । कतिपयलाई यस्ता कुरा काल्पनिक वा दैवीजस्ता पनि लाग्छन् । ध्यान र योगनिद्रा गर्दा केही आनन्द वा फरक अनुभव मैले पनि गरेको छु तर नियम, निरन्तरता वा साधना नहुँदा त्यसभन्दा अगाडि बढेको छैन । यद्यपि निदाएको अवस्थामा पनि जाग्न सकिन्छ भन्नुलाई म काल्पनिक, दैवी वा मिथ्या मान्दिनँ । मेरो बुझाइ र विश्वास छ– मन र शरीर स्वस्थ राख्न एक खालको नियम र अभ्यासमा बस्नैपर्छ, जसलाई हामी साधना भन्न सक्छौं ।

जसले मनलाई थप बलियो (स्वस्थ) वा जागृत बनाउन सक्छ । मन र शरीर स्वस्थ हुँदा हामीले चिन्तन-मनन र कर्म गर्न सक्छौं तर कस्तो चिन्तन-मनन वा कर्म गर्ने भन्ने प्रश्न र परीक्षा संसारमा सधैं रहन्छ । किनभने यो संसारमा अनेक थरी प्राणी आफ्नो अस्तित्वका लागि संघर्ष गरिरहेका छन् र अनेकथरी व्यक्ति वा समुदायका विचार र विश्वास हाबी छन् । यस पुस्तकमा आचार्य महाप्रज्ञ भन्छन्, 'अन्तर्जगत् चेतनाको जगत् हो, केवल चेतनाको जगत् ।

यहाँ खालि चेतना हुन्छ, अरु केही हुँदैन । यसलाई हामी आनन्द भनौं, शक्ति भनौं, ज्ञान भनौं, केही पनि भनौं यहाँ केवल चेतना छ । त्यस चेतनामा जे छ, आनन्द पनि छ, शक्ति पनि छ, ज्ञान पनि छ । यो सारा चेतना हो, अरु केही होइन । बाहिरको जगत्मा अनेक द्रव्य छन् । अणु, परमाणुका संघटन छन् । भित्र केवल चेतना छ ।' यस्ता वाक्य र शब्दहरूले हामी साधारण मानिसलाई धेरै नै भ्रम छर्छन् । किनभने प्रश्न उठ्छन्– यो जीवनमा वा शरीरसँग मन वा आत्मा जोडिएर रहँदा चेतना आनन्द स्वरूपमा मात्रै रहन कसरी सम्भव होला ? शरीरको दुखाइ, मनको दुखाइलाई जागृत अवस्था वा चेतनाले कसरी शमन गर्ला ? यस्ता प्रश्न मेरो मनमा अन्य आध्यामिक पुस्तक पढ्दा पनि आएकै हो, यसको जवाफसम्म पुग्न मेरो बौद्धिक औकातले आजसम्म भ्याएको छैन । यहाँनेर भन्नैपर्छ, साधकले जिउँदो-जाग्दो अवस्थामै सांसारिक दु:खसुखबाट पर हुन सक्छ भन्नेमा मेरो विश्वास छैन ।

मनको दक्षता सम्बन्धमा आचार्य महाप्रज्ञले एउटा उदाहरण पस्केका छन् । प्राचीनकालमा एउटा चित्रकारले एउटी रानीको एउटा औंला मात्रै देख्छन् । उहिले रानीहरू 'असूर्यपश्या' हुन्थे, अर्थात् सूर्यको किरणले पनि रानीको शरीरलाई स्पर्श गर्न पाउँदैनथ्यो, सबै छोपिएको हुन्थ्यो । औंला देखेकै भरमा ती चित्रकारले रानीको सम्पूर्ण शरीर कोरे र त्यसमा कोठीहरू समेत राखे । राजाले ती चित्रकारलाई मृत्युदण्ड दिने भए । राजालाई लाग्यो, रानीसँग यसको सम्बन्ध नभईकन कसरी यसले रानीका शरीरका कोठीहरूसम्म देख्यो ? राजाका एक मन्त्रीले भने– यस चित्रकारसँग अद्भुत शक्ति छ, यसले शरीरको कुनै पनि एउटा अवयवलाई हेरेर समग्र शरीरको चित्र बनाउन सक्छ । मन्त्रीको कुरा सुनेर राजाले त्यस चित्रकारको परीक्षा लिए, ऊ उत्तीर्ण भयो । यस प्रसंगले प्रश्न खडा गर्छ, यस्तो अलौकिक ज्ञान एउटा व्यक्तिलाई कसरी आउँछ ? के यो मानिसको कल्पना वा साहित्य मात्रै हो ? आध्यात्मिक साधनाहरूबाट यस्ता अन्तस्करणको रहस्य थाहा पाउन सकिने थुप्रै चर्चा ग्रन्थहरूमा पाइन्छन् । यस्ता विषय मानिसको कल्पना मात्रै हुन् वा विज्ञानले खोतल्न सक्ने खालका केही रहस्य पनि यसमा छन् ! यसबारे भोलिको विज्ञानले नै बताउला ।

यद्यपि हाम्रा पुर्खाले विभिन्न अनुसन्धानबाट सामुद्रिकशास्त्र बनाएका छन्, जसले शरीरको कुनै अवयव र आभाका माध्यमबाट मानिसको स्वभाव र बौद्धिक क्षमताको विश्लेषण गर्छ । यो एउटा विधा हो । मलाई लाग्छ, हाम्रा पुर्खाले दायाँ वा बायाँ गालामा कोठी हुने स्त्री वा पुरुषको स्वभाव कस्तो हुन्छ भने विषयमा हजारौं व्यक्तिमाझ अनुसन्धान गरे होलान् । सयौं वर्षको अनुसन्धानबाट हाम्रा पुर्खा एउटा निष्कर्षमा पुगे होलान् । शरीरको आकार र उचाइ हेरेर ती साधक चित्रकारले रानीको समग्र शरीरको बारेमा पत्ता लगाए कि ! त्यस्तो ज्ञान उनले लिएका थिए कि ! जेहोस्, यो पुस्तकले मानिसलाई ध्यान गर्न सिकाउँछ । मनको शक्ति र प्रकृतिका रहस्यहरूतिर यस पुस्तकले केही संकेत गरेको छ । 'विज्ञान भैरव तन्त्र'ले ध्यानका एक सय १२ विधिहरूको बयान गरेको छ । ध्यानका धेरै विधि छन्– श्वासमा ध्यान दिने, चक्रहरूमा ध्यान दिने, शरीरका अवयवहरूमा ध्यान दिने । आचार्य महाप्रज्ञको यो पुस्तकलाई म समग्रमा बुझ्न र समीक्षा गर्न त सक्दिनँ, यति भन्न सक्छु– यसले भड्किरहने ध्यानलाई सम्हाल्ने केही सूत्र दिएको छ । २०५३ सालमा पहिलो संस्करण छापिएको यस पुस्तकको दोस्रो संस्करण गोल्छा ग्रुपले गएको भदौमा निकालेको हो ।

**-रातोपाटी डटकम**

# लुम्बिनी प्रदेशमा विषादीबारे सचेतना अभियान




**राँझा (बाँके)**,मंसिर २१/लुम्बिनी प्रदेशको कृषि विकास निर्देशानालयले १२ वटै जिल्लामा 'विषादी सचेतना अभियान २०८१' सुरु गरेको छ ।

'सबैको चाहना, विषादीमुक्त खाना' भन्ने मूल नाराका साथ बाँकेको खजुरामा औपचारिक कार्यक्रम आयोजना गरी लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा विषादी सचेतना अभियान सञ्चालन गरेको कृषि विकास निर्देशनालय लुम्बिनीका महानिर्देशक यमनारायण देवकोटाले जानकारी दिए । 'बढ्दो रासायनिक विषादीको प्रयोग, यसबाट मानव स्वास्थ्यमा हुने गम्भीर जोखिमलाई न्यूनीकरण गर्दै रासायनिक विषादीको विकल्पसहितको सचेतना कार्यक्रम सुरु गरेका छौं', देवकोटाले भने, 'कसैले जानेर त कसैले अन्जानमा विषादीको प्रयोग गरिरहेका छन्, सुरक्षित विषादीको प्रयोग कसरी गर्ने र यसको जोखिमबाट कसरी बच्ने भन्ने विषयमा यो कार्यक्रम महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।' बाँकेबाट यो कार्यक्रमको औपचारिक रूपमा सुरुआत गरिएको र हरेक जिल्लामा सम्बन्धित सरोकारवाला कार्यालयबाट वर्षैभर यो कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ ।

अभियानअन्तर्गत हरेक सरोकारवालासँग भेटघाट, छलफल, विद्यालयका विद्यार्थीमार्फत सचेतना कार्यक्रमलगायत गतिविधि गरेर व्यापक जनचेतना फैलाइने जनाइएको छ । विषादीको बढ्दो अनुचित प्रयोग कम गराउने, कृषि उपज उत्पादकलाई विषादीको नकारात्मक असरबारे जानकारी गराउने र सुरक्षित राख्ने, तरकारी तथा फलफूल उपभोक्ताको सुरक्षा गर्ने, किसानको अनावश्यक आर्थिक नोक्सानी हुन नदिने, विषादी प्रयोगकर्तालाई सबैको स्वास्थ्यप्रति संवेदनशील हुन सचेत गराउने, सुरक्षित विषादीको प्रयोगसम्बन्धी जनचेतना फैलाइ स्वस्थ बाली उत्पादनको सन्देश प्रवाह गर्नेलगायत कार्यक्रमको उद्देश्य रहेको महानिर्देशक देवकोटाले बताए ।

कृषि विकास निर्देशनालय लुम्बिनीका वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले लुम्बिनी प्रदेशमा हरेक वर्ष विषादीको आयात बढेको र अत्यधिक प्रयोग हुने गरेको बताए । विषादीको सुरक्षित प्रयोगसम्बन्धी ज्ञान नहुनु, जानकार किसान लापरबाही हुनु, वैकल्पिक विधिका बारेमा ज्ञान नहुनु, भारतीय विषादी र बीउविजनको बढी विश्वास गर्नु, सबै विषादीलाई मिसाएर प्रयोग गर्नु, पर्खनुपर्ने अवधिबारे प्रायः किसानलाई जानकारी नहुनु, रासायनिक विषादीको विकल्प सहज रूपमा उपलब्ध नहुनुलगायत कारणबाट प्रयोगकर्ता विषाक्त हुँदै गएको उनको भनाइ छ । कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र खजुराका निमित्त प्रमुख श्रीधर ज्ञवालीले रासायनिक विषादीलाई नियन्त्रण गर्न किसानलाई तालिम दिँदा रासायनिक विषादीको कम प्रयोग र मानव शरीरलाई असर नपुग्ने गरी चेतना जगाउने किसिमको तालिम सञ्चालन गरिरहेको जानकारी दिए । हरेक किसान र उपभोक्ताको पहुँचमा पुगेर यससम्बन्धी जनचेतना प्रदान गरी उनीहरूलाई सचेत बनाउनुपर्ने उनले बताए । बाली संरक्षण प्रयोगशाला, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, बिउबिजन प्रयोगशाला, मल तथा माटो परीक्षण प्रयोगशाला र कृषि ज्ञान केन्द्र बाँकेको संयुक्त आयोजनामा विषादी सचेतना अभियानको शुभारम्भ गरिएको थियो । -रासस

# रामपुरमा माटो परीक्षण गरियो




**पाल्पा**, मंसिर २१/जिल्लाको रामपुरमा माटो परीक्षण गरिएको छ । कृषि ज्ञानकेन्द्र पाल्पाको आयोजना र रामपुर नगरपालिकाको प्रयोजनमा विश्व माटो दिवसको अवसर पारेर शिविरमार्फत माटो परीक्षण गरिएको हो ।

'माटोको सुधार : परीक्षण, रेखदेख र उपचार' भन्ने नाराका साथ भएका शिविरमा नगरभित्रका किसानहरुले आफ्नो परीक्षण गराएका छन् । शिविरमा ४० स्थानको माटोको नमुना परीक्षण गरिएको थियो । माटो नमुना परीक्षणको क्रममा पि.एच.मान तटस्थ रहेको पाईएको कृषि ज्ञानकेन्द्र पाल्पाका नायव प्रविधिक सहायक रविन बुढाले बताए । परीक्षण गरिएको अधिकांश नमुनामा खेतीको लागि आवश्यक नाईट्रोजनको मात्रा रहेको पाईए पनि फस्फोरस र पोटासको मात्रा कम देखिएको उनको भनाई छ । कृषि शाखा प्रमुख नारायण प्रसाद गैरेले नगरपालिका भित्रबाट ८२ वटा नमुना संकलन गरिएकोमा बाँकी रहेको नमुनाको परीक्षण कृषि ज्ञानकेन्द्रको प्रयोशालामा हुने बताए । शिविरको रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितले शुभारम्भ गरेका थिए । शिविर शुभारम्भ गर्दै अधिकृत पण्डितले माटो परीक्षण पश्चात आएको रिपोर्टको आधारमा उपचारको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने बताए । कार्यक्रममा रामपुर नगरपालिका -५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले रसायनिक मलको बढ्दो प्रयोगले माटो विग्रीएका कारणले बालीमा विभिन्न प्रकारका रोगको समस्या देखिएको उल्लेख गरे । नगरपालिकाका आर्थिक विकास समितिका संयोजक दुर्गादिवि भण्डारी गौतमले माटोमा देखिएको समस्या समाधान गरी उत्पादकत्व वृद्धिमा शिविरले महत्वपूर्ण टेवा दिने बताइन् । कृषि ज्ञानकेन्द्रका निमित्त प्रमुख सन्तोष कुमार चौधरीले रासायनिक मलको असन्तुलित प्रयोग, उपयुक्त सिँचाइ प्रविधिको कम प्रयोग, प्राङ्गारिक मलको न्यून प्रयोग लगायतका कारण माटोको गुणस्तर कमजोर हुँदै गएको बताए । पछिल्लो समय धेरै उत्पादन लिने लोभमा रसायनिक मल तथा विषादीको प्रयोग बढ्दै बोट बिरुवाका लागि चाहिले तत्वहरु नष्ट हुँदै गैरहेको बताउँदै माटो उपचारका लागि समय मै परीक्षण आवश्यक रहेको उनले औल्याए । केन्द्रका निमित्त प्रमुख चौधरीको अध्यक्षता, कृषि शाखा प्रमुख नारायण प्रसाद गैरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### एनपिएलः लुम्बिनीलाई हराउँदै पोखरा विजयी



**काठमाडौं**, मंसिर २१/नेपाल प्रिमियर लिग (एनपीएल) मा पोखरा एभेन्जर्सले लुम्बिनी लायन्सलाई हराएको छ । गौस र दिनेश खरेलले कीर्तिमानी साझेदारी गरेपछि पोखराले शुक्रबारको दोस्रो खेलमा लुम्बिनी लाई १० विकेटले पराजित गरेको हो ।

लुम्बिनीले जितका लागि दिएको एक सय ७१ रनको लक्ष्य पछ्याएको पोखराले १६ दशमलव पाँच ओभरमा एक विकेट पनि नगुमाएर पूरा गरेको हो । पोखराको जितमा दुवै ओपनरको सानदार प्रदर्शन रह्यो । पोखराका लागि एन्ड्रिज गौसले शतकीय पारी खेले । उनले ५५ बलमा पाँच छक्का र १२ चौका प्रहार गर्दै अविजित एक सय चार रन बनाए । एनपिएलमा गौसले अहिलेसम्मकै बढी रन बनाएर एनपिएलमा शतक बनाउने पहिलो खेलाडी बनेका छन् । पोखराका अर्का ओपनर दिनेश खरेल अर्धशतकीय पारी खेले । उनले पनि अविजित रहँदै ६१ रन बनाए । छयालिस बलमा चार छक्का र चार चौकाको मद्दतले उनले ६१ रन बनाए । यो खेलमा पोखराले अतिरिक्त ११ रन पाएको छ । एनपिएलमा यो पोखराको पहिलो जित हो । पोखरा आफ्नो पहिलो खेलमा चितवन राइनोजसँग ८७ रनको फराकिलो अन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा जनकपुर बोल्ट्ससँग सात विकेटले पराजित भएको थियो । त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको लुम्बिनीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ७० रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले अर्धशतकीय पारी खेले । उनले अविजित रहँदै ५९ बलमा चार छक्का र १० चौका प्रहार गर्दै सर्वाधिक ९५ रन बनाए । टम मूर्सले ४५, सन्दीप जोराले १८ र विवेक यादवले दुई रनको योगदान दिए । लुम्बिनीका आशुतोष घिरैया र उन्मुक्त चन्द शुन्य रनमा आउट भएका थिए । यो खेलमा लुम्बिनीले अतिरिक्त १० रन प्राप्त गरेको थियो । पोखराका लागि विपिन खत्रीले दुई र म्याट क्रिचलेले एक विकेट हात पारेका थिए ।

वर्गीकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### गाईपालक किसानलाई पालिकाद्वारा अनुदान



**गुल्मी**, मंसिर २१/गाईपालक किसानलाई यहाँको सत्यवती गाउँपालिकाले अनुदान दिने भएको छ । पहिलो बेत ब्याउने गाई पाल्नेलाई प्रति गाई दश हजार अनुदान दिने निर्णय गरेको हो ।

गाईपालक किसानलाई पहिलो पटक प्रोत्साहनस्वरुप अनुदान वितरण गर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ । गाउँ कार्यपालिकाले उक्त अनुदान उपलब्ध गराउने निर्णय गरेको गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेले बताए । सत्यवती गाउँपालिकाले चालु आर्थिक वर्षको पशुपक्षी विकासतर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार सूचना सार्वजनिक गरी पालिकाभित्रका सबै वडाका किसानलाई अनुदानको बारेमा जानकारीसमेत गराएको छ । पालिकाले गत साउन १ गतेदेखि आगामी असार १५ गतेभित्र आफ्नो फार्म वा घरमा पालेको गाई पहिलो पटक ब्याएपछि उक्त रकम उपलब्ध गराउने जनाएको छ । त्यसका लागि किसानले गत असोज ५ गतेसम्म आफूले पालेको कोरेली गाई बाली भएको पालिकामा अनिवार्य रुपमा जानकारी गराउनुपर्ने उल्लेख छ । अनुदान प्राप्त गर्न पालिकामा निवेदनसहित नागरिकताको प्रतिलिपि, पहिलो पटक ब्याएको व्होरासहित तीन जना छिमेकीको हस्ताक्षरसहितको मुचुल्का, सम्बन्धित वडाको सिफारिस, माउ र बच्चा देखिने गरी खिचेको तस्विर उपलब्ध गराउनुपर्ने प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले जानकारी दिए । उनले निवेदकको बैंक खाता भएको चेकको प्रतिलिपि, पशु चिकित्सकको स्थलगत अनुगमनको रिपोर्ट अनिवार्य पेश गर्नुपर्ने बताए । किसानले अन्यत्रबाट किनेर ल्याएको गाईको हकमा भने उक्त नियम लागू नहुने भएकाले अनुदान प्राप्त गर्न किसानले अनिवार्य आफ्नै गोठमा हुर्काएको गाई हुनुपर्ने नियम बनाएको छ । पछिल्लो समयमा गाउँमा गाईपालन लोप हुन थालेसँगै सत्यवती गाउँपालिकाले गाईको संरक्षण गर्न उक्त अभियान सुरु गरेको हो । -रासस

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई